# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
# दुल्लु नगरपालिका
# दैलेख




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितकालागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )

पत्र संख्या:२०७६/७७
च.नं -८२

मिति: २०७७/३/२९

श्री प्रमुखज्यू,
दुल्लु नगरपालिका दैलेख ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनकोलागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसंग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एबं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी विकास निर्माण तर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक सीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २६ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(प्रदेश नं. ५, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


पत्र संख्याः २०७६।७७
च.नं. - ८२

मितिः २०७७।३।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
दुल्लु नगरपालिका दैलेख ।

**कैफियत सहितको राय**

हामीले दुल्लु नगरपालिकाको आर्थिक वर्ष २०७५।७६ को वित्तीय विवरण र त्यससङ्ग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को वित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य विवरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी वित्तिय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रु ८ करोड ५३ लाख ४४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु ३८ लाख ५६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु २ करोड ४३ लाख ५३ हजार नियमित गर्नुपर्ने रु. ४ करोड ८३ लाख ५१ हजार पेश्की बाँकी रु ८७ लाख ८४ हजार रहेको छ ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।०८।२९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितको प्रमाण कागजातका आधारमा बेरुजु फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना २१ ( एकाइस) यसैसाथ संलग्न छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

२०७७।३।२९
(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, 4255707, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np Web Page: www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

**श्री दुल्लु नगरकार्यपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५।७६**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्बद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा  प्रदान गर्नु नै नगरपालिका स्थापनाको प्रमुख उदेश्य हो । कर्णाली प्रदेशमा अवस्थित यस नगरपालिका अर्न्तगत १३ वडा, ६९ सभा सदस्य रहेका छन् । १५६.७७ व.की.मी.क्षेत्रफल ओगटेको यस नगरपालिकाको जनसंख्या करीब ४१५४० रहेको छ ।

**स्थानीय सञ्चित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता  समेत समाबेस भएको आर्थिक वर्ष २०७५।७६ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | | **कुल चालु खर्च** | ३८३०४२८९८.७४ |
| | क) नगद | | | **कुल पुजिगत खर्च** | २५०८५४९०७.४६ |
| | ख) बैंक | ११५९२७९५० | | **कुल खर्च** | ६३३८९७८०६.२० |
| २ | **राजस्व (आन्तरिक आय)** | | १ | वित्तिय समानिकरण पूँजीगत खर्च | २१९४४६३७८ |
| | क) आन्तरिक राजस्व | ६९९४६५०.७ | २ | गत आ.व.को आन्तरीक स्रोत पूँजीगत खच | |
| | ख) राजस्व बाँडफाँड | ७६०४९६७७ | ३ | राजस्व बाँडफाँड तथा आन्तरिक आम्दानी वापतको जम्मा खर्च | ७६०४९६७६.६ |
| | ग) अन्य आय | | ४ | आन्तरिक आम्दानी | १५८७४९४ |
| ३ | **वित्तीय हस्तान्तरण** | | ५ | सर्शत अनुदान खर्च | २४२८०३६७४ |
| | क)वित्तीय समानीकरण अनुदान | १३१३००००० | ६ | **अन्तर स्थानीय तहबाट प्राप्त** | |
| | ख) सशर्त अनुदान | २६१७३३००० | | क) वहुक्षेत्रिय पोषण कार्यक्रम | १७२१००० |
| | ग) समपूरक अनुदान | | | ख) प्रदेश समानीकरण अनुदान | |
| | घ) ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना | | | ग) स्थानिय पुर्वाधार विकास कार्यक्रम | ६७४१३९६ |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | घ) सामाजिक सुरक्षा कार्यक्रम | ६७७५०२०० |
| | क)वित्तीय समानीकरण अनुदान र विविध | ८३७७८९९.१ | | ङ) प्रदेश समपुरक अनुदान पुँजीगत | २०४०००० |
| | ख) सशर्त अनुदान | ० | | च) असिना पिडित कार्यक्रम | २०००००० |
| | ग) समपूरक अनुदान | १००००००० | | छ) स्थानिय तह क्षमता विकास कार्यक्रम | ३०५००० |
| | घ) विशेष अनुदान | ० | | ज) प्रधानमन्त्री रोजगार कार्यक्रम | ४७५५७८८ |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | | झ) गरिव सँग विश्वेश्वर कार्यक्रम | ३९४००० |
| | क) वहुक्षेत्रिय पोषण कार्यक्रम | १८२१००० | ७ | मर्मत सम्भारकोष | ५६११३७.९५ |
| | ख) गरिवसँग विश्वेश्वर कार्यक्रम | ३९४००० | ८ | विपद व्यवस्थापनकोष | १००७७५० |
| | ग) स्थानिय पुर्वाधार विकास कार्यक्रम | ७०००००० | ९ | धरौटी तर्फ | ३३८२६४३ |
| | घ) सामाजिक सुरक्षा कार्यक्रम | ६९०३१००० | | सरस्वती मा.वि.डिजिटल कार्यक्रम | १२१८७५० |
| | ङ) सडक बोर्ड | ३२६०४८३ | | सडक बोर्ड खर्च | २१३२९१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| | च) पर्यटन बोर्ड साइनिङ | ७५०००० | १० | सशर्त अनुदान र संघिय शिर्षकको फिर्ता रकम | २२१६४९४२.५ |
| | छ) स्थानिय तह क्षमता विकास कार्यक्रम | ३०५००० | | **जम्मा खर्च** | ६५६०६२७४८.६६ |
| | ज) प्रधानमन्त्री रोजगार कार्यक्रम | ६३५२००० | | | |
| | झ) सरस्वती मा.वि.डिजिटल कार्यक्रम | १२५०००० | | | |
| | ञ) प्रदेश असिना पिडित कार्यक्रम | २०००००० | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | ११ | | |
| | धरौटी आय | ८९५०३१४ | | मौज्दात | |
| | विपत व्यवस्थापन कोष | १९०५४९३ | | क) नगद मौज्दात | |
| | मर्मत संभार कोष | २०२९४९४ | | ख) बैंक मौज्दात | ५९४११४३१.५ |
| | कर्मचारी कल्याण कोष | | | ग) विभिन्न कर दाखिला बाँकी | ४२२२० |
| | जम्मा | ७१५४३१९६० | | जम्मा | ७१५४३१९६० |

| द न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **बजेट पेश गर्ने तथा पारित गर्ने -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गतेभित्र सभामा पेश गर्नुपर्ने व्यवस्था अनुरुप आय-व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय-व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय-व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिनभित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था अनुरुप नगरसभाले चालु आर्थिक वर्षको आय-व्ययको अनुमान र आगामी आर्थिक वर्षमा सञ्चालन हुने योजना तथा कार्यक्रम र आय-व्ययको अनुमानित विवरण २०७५ आषाढ ३० गते स्वीकृत गरेको छ । | |
| २. | **घटी जिम्मेवारी :**आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४५ वमोजिम आय व्यय ठिकसँग भएको आन्तरिक जाँच गरी गराई कारोवार ठिक रहेको कुरामा विश्वस्त हुनुपर्ने व्यवस्था छ । गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनमा जिम्मेवारी सार्नुपर्ने रु. १२,०६,९५,०००।०० उल्लेख भएकोमा रु. ११,५९,२८,०००।०० जिम्मेवारी सारेकोले रु. ४७,६७,०००।०० घटी जिम्मेवारी सारेको देखिन्छ । घटी जिम्मेवारी सारेको रकम एकिन गरी हिसाव मिलान गर्नुपर्ने रु... | ४७६७००० |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययीता, प्रभावकारीता, नियमितता र दक्षतापूर्ण ढङ्गबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथा प्रचलित कानूनबमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था भएकोम नगरपालिकाले आन्तरिक नियन्त्रण सम्बन्धी निर्देशिका तयार गरेको छैन । यसबाट योजना र क्रियाकलापहरूको प्राथमिकता निर्धारण नगरेको, योजना कार्यान्वयन तालिका निर्माण नगरेको, आयोजनाको भौतिक प्रगति मुल्यांकन नगरेको, करको दायरा पहिचान नगरेको , योजना हस्तान्तरण तथा खर्चको सार्वजनिक परीक्षण नगरेको, प्रशासनिक खर्चको सीमा निर्धारण नगरेको, अभिलेख कायम गरिएका सबै सम्पत्तिको हकमा सङ्केतीकरण नगरेको, प्रयोग गर्न नसकिने र सेवा दिन नसक्ने सम्पत्तिको लिलामी र राफसाफ नगरेको, खरिद योजना तयार नगरेको, निर्माण कार्यको लागत अनुमान तयार गर्दा कार्य सम्पन्न गर्न लाग्ने समय उल्लेख नगरेको, डोर हाजिरी नियन्त्रण खाता नराखेको, नापि किताब नियन्त्रण खाता नराखेको, कार्य अभिलेख खाता नराखेको, जिन्सी प्राप्त भएको ७ दिन भित्र आम्दानी नबाधेको, भुक्तानी भएको विलमा भुक्तानी भएको भनि छाप लगाउने नगरेको, भ्रमण प्रतिवेदन लिने नगरेको, सवारी लगबुक नराखेको, प्रथम चौमासिक अवधीमा सम्पन्न गर्नु पर्ने खरिद सम्झौता लगायतका कार्य नगरेको, करकट्टी गरिएको रकम सोही बखत दाखिला नगरि ढिलो दाखिला गरेको जस्ता कमीकम्जोरी देखिएकोले, कार्यालयले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी आन्तरिक नियन्त्रण व्यवस्था मजवुत बनाउनु पर्दछ । | |
| ४. | **सेवा प्रवाहको स्थिति** : नगरपालिकाले यस वर्ष सम्पादन गरेको सेवा प्रवाहको स्थिती झल्कने गरी प्रगति विवरण तयार गरी पेश नगरेकोले सम्पादित सेवाको वास्तविक विवरण प्राप्त गर्न सकिएन । लेखापरीक्षणको क्रममा कार्यालयको प्रशासन फाँटबाट दिइएको जानकारीको आधारमा यस वर्ष नगरपालिकाबाट निम्नानुसार सेवा प्रवाह भएको देखिन्छ : | |

| सि.नं. | विवरण | जम्मा |
|---|---|---|
| | **पञ्जिकरणतर्फ** | |

| द न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | |
|---|---|---|
| १. | जन्म दर्ता | १३४१ |
| २. | मृत्यू दर्ता | १११२ |
| ३. | बसाईंसराईं दर्ता | १९९ |
| ४. | बिबाह दर्ता | ३४८ |
| ५. | सम्बन्धविच्छेद दर्ता | ९ |
| | **अन्य सिफारिस** | |
| ६. | नाता प्रमाणित सिफारीस | ६८ |
| ७. | नागरिकता सिफारिस | ३२१ |
| ८. | घरबाटो सिफारीस | ३४ |
| | **पूर्वाधार विकास सडक निर्माण** | |
| ९. | सडक ग्राभल (कि.मि.) | २.८ |
| १०. | Track opening (कि.मि.) | ४२.४२ |
| ११. | अन्य (कलभर्ट निर्माण) | १ |

५. **कानुन निर्माण र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस व्यवस्था अर्न्तगत यो वर्ष सम्म नगरपालिकाले निम्न कानुनहरु तर्जुमा गरेको तर राजपत्रमा प्रकाशित गरि कार्यान्वयनमा ल्याएको पाइएन । यस सम्बन्धमा छलफल गर्दा नगरसभाबाट निम्न २४ वटा ऐन, नियमावली, कार्यविधि पारित गरिएको र राजपत्रमा प्रकाशित गर्न बाँकि रहेको जनाएको छ ।

| सि.नं. | कानुनको नाम |
|---|---|
| १ | दुल्लु नगरपालिका नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली,२०७४ |
| २ | दुल्लु नगरपालिका नगरकार्यपालिका कार्यविभाजन नियमावली,२०७४ |
| ३ | दुल्लु नगरकार्यपालिकाको निर्णय वा आदेश र अधिकार पत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली,२०७४ |
| ४ | दुल्लु नगरपालिकाको पदाधिकारीहरुको आचारसंहिता,२०७४ |
| ५ | दुल्लु नगरपालिका बैठक सञ्चालन कार्यविधि,२०७४ |
| ६ | दुल्लु नगरपालिका नगरसभा सञ्चालन कार्यविधि,२०७४ |
| ७ | दुल्लु नगरपालिका आर्थिक ऐन,२०७५ |
| ८ | दुल्लु नगरपालिकाको बजेट तर्जुमा दिग्दर्शन,२०७४ |
| ९ | दुल्लु नगरपालिकाको विनियोजन ऐन,२०७५ |
| १० | दुल्लु नगरपालिकाको न्यायिक समितिले उजुरिको कारबाहि किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७४ |
| ११ | दुल्लु नगरपालिकाको उपभोक्ता समिति गठन र परिचालन तथा व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७४ |
| १२ | दुल्लु नगरपालिकाको एकिकृत सम्पति कर व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७४ |
| १३ | घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि,२०७४ |
| १४ | दुल्लु नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि,२०७४ |
| १५ | दुल्लु नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने),२०७४ |
| १६ | दुल्लु नगरपालिकाको शिक्षा नियमावली,२०७४ |
| १७ | दुल्लु नगरपालिकाको सहकारी ऐन,२०७४ |
| १८ | दुल्लु नगरपालिकाको एफ.एम. रेडियो सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०७४ |
| १९ | दुल्लु सांस्कृतिक संग्राहलय संचालन ऐन,२०७४ |
| २० | दुल्लु नगरपालिकाको सार्वजनिक उद्यान संचालन सम्बन्धि ऐन,२०७४ |
| २१ | दुल्लु नगरपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका,२०७४ |
| २२ | दुल्लु नगरपालिकाको कृषि व्यवसाय प्रवर्धन ऐन,२०७४ |
| २३ | दुल्लु नगरपालिकामा रहेका सामुदायिक विद्यालयको सम्पति व्यवस्थापन सम्बन्धि कार्यविधि,२०७४ |
| २४ | जलधार एंव जलीय जैविक विविधता संरक्षण सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन,२०७५ |

नगरपालिकाले आवश्यक पर्ने अन्य ऐन, नियम, निर्देशिका समयमा नै तयार गरी पालिकाको कार्यसम्पादन व्यवस्थित तुल्याउनु पर्दछ ।

६. **स्रोत अनुमान तथा बजेट सीमा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलित वितरणमा बजेट सीमा निर्धारण, बजेट तथा

| द न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालिकामा पेश गर्ने कानूनी व्यवस्था रहेकोमा विषयगत क्षेत्र तथा पूर्वाधार क्षेत्रमा रकम विनियोजन गरी योजना छनौट तथा सोको प्राथमिकीकरण गरी आंशिक रुपमा कार्यान्वयनमा ल्याइए तापनि ठुला पूर्वाधार क्षेत्रलाई बजेटको प्राथमिकतामा राखेको देखिएन । साना, ठुला, मझौला पूर्वाधार क्षेत्रको विकासमा बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ७. | **योजनागत लक्ष्य प्रगतिः** नगरपालिकाले पेश गरेको योजनागत प्रगति विवरण अनुसार यस आ.व. मा ५७८ योजनामा रु.२३ करोड.८२. लाख ..९७ हजार.बजेट विनियोजन गरेकोमा सो मध्ये रु२२.करोड.१६ लाख..१७. हजार बराबरको विभिन्न ५१७ योजना सम्पन्न गरेको, रु..५० लाख ६० हजार बराबरको २६ योजना आशिंक र ३५ योजनामा शून्य प्रगति गरेको देखिएको छ । यसबाट ८९.४५ प्रतिशत योजना सम्पन्न गरेको, १०.५५ प्रतिशत योजना सम्पन्न हुननसकि अधुरो रहेको देखिन्छ । आर्थिक वर्षको अन्त्यमा योजना सम्झौता गरेकोले समयमा कार्यसम्पन्न हुननसकेको देखिन्छ । कार्यालयले शुन्य प्रगति तथा घटी प्रगति सम्बन्धमा सोको कारण पहिचान गरी आगामि दिनमा लक्ष्य अनुरुपको प्रगति हासिल गर्ने तर्फ ध्यान दिनु पर्छ । | |
| ८. | **चौमासिक खर्च** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार वित्तीय समानिकरण अनुदान तर्फ प्रथम चौमासिकमा ५.४७ प्रतिशत अर्थात रु.७ करोड ७१ लाख ७१ हजार ७५३, दोस्रो चौमासिकमा २६.१५ प्रतिशत अर्थात रु. ३ करोड ४३ लाख ४२ हजार ६१७ र तेश्रो चौमासिकमा ६८.३८ प्रतिशत अर्थात रु.८ करोड ९७ लाख ८५ हजार ६३० खर्च गरेको देखिएको छ । वर्षको अन्तमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्यको गुणस्तरियता सुनिश्चित गर्न आषाढमा मात्र खर्च नगरि समानुपातिक खर्च गर्ने तर्फ सुधार गरिनुपर्दछ । | |
| ९. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ बमोजिम कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्वीकृत गरेको संगठनात्मक संरचना अनुसार प्रमुख प्रशासकिय अधिकृत सहित कर्मचारी दरवन्दी ७६ स्वीकृत भएकोमा ४९ पदपूर्ति भएको विवरण पेश भएको छ । कार्यालयले अधिकृत छैठौं १, सहायक पाचौं ६, सहायक चौथो ११ गरि १८ जना करारमा नियुक्ती गरि सेवाप्रवाह गरिरहेको विवरण पेश गरेको छ । कार्यालयले स्वीकृत दरबन्दी वमोजिम स्थायी पदपूर्ती गरी सेवा प्रवाहमा सहजता ल्याउनुपर्दछ । | |
| १०. | **एकीकृत विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ वमोजिम प्रत्येक आर्थिक वर्ष र आय-व्ययको एकीकृत लेखा बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले तयार गरेको एकीकृत आर्थिक विवरणमा सबै विषयगत क्षेत्रको कारोबार समेटेको छैन । विभिन्न समयमा महिला विकास, जि.स.स., म.स्वा.से लगायतको बीऊ पूँजी तथा अन्य आयको हिसावमा खुलासा समेत नगरेको स्थिति छ । थप स्रोत पहिचान गरी कारोबार समेटनु पर्दछ । | |
| ११. | **बक्यौता रकम असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ मा वित्तीय अधिकार क्षेत्र अर्न्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का वापत वक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । नगरपालिकाले उठ्नुपर्ने रकमको आयगत लगत तयार गरेको छैन । आय ठेक्का, सम्पत्ति बिक्री, मालपोत, अन्तःशुल्क, कर दस्तुरको वडागत लगत तयार नगरबाट वक्यौता देखिन सक्ने अवस्था रहेन । उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी उठ्नुपर्ने र वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन तथा प्राप्त हुनुपर्ने आयको लेखा हिसाव तयार गर्नेतर्फ विशेष रुपमा ध्यान दिनुपर्दछ । | |
| १२. | **आन्तरिक आयको अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ वमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत रु.३० लाख आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७५।७६ मा रु.६१०१९१३/०० अर्थात अनुमान भन्दा १०३ प्रतिशत बढी आय प्राप्त गरेको छ । कार्यालयको आन्तरिक आयको अनुमान र प्रगतिको अवस्था सन्तोषजनक देखिए पनि आयको अनुमान यथार्थ परक गरेको देखिएन । कार्यालयले आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आयआर्जन वृद्धी गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| १३. | **आय दाखिला :** नगरपालिकाले यो वर्ष सिफारीस, सेवाशुल्क, मालपोत लगायतबाट रु. .६१०१९१३/०० आन्तरिक आय प्राप्त गरेकोमा पालिका अन्तर्गतका १३ वटा वडाको आम्दानी समेत एकमुष्ट केन्द्रले नै दाखिला गर्ने गरेको देखियो । वडा कार्यालयहरुमा आयको दैनिक प्राप्ती खाता, आयको मासिक विवरण समेत वनाउने गरेको देखिएन । जसबाट कुन वडाले नगरपालिकाको आयमा के कति योगदान गरेको छ एकिन हुन सकेन । अतः आगामी दिनमा कार्यालयले नगरपालिकाका प्रत्येक वडाको आन्तरिक आयको दैनिक प्राप्ती खातामा अभिलेख गरि सोहि दिन दाखिला गर्ने गरि व्यवस्था मिलाउनुपर्ने देखिन्छ । प्रत्येक वडाले मासिक आयविवरण तयार गरि केन्द्रमा(नगरपालिका) पठाउने र नगरपालिकाले वडागत विवरण समेत देखिने गरी मासिक र वार्षिक आय विवरण तयार गर्नुपर्ने देखिन्छ । | |

| द नं. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १४. | **राजश्वको अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाले यस वर्ष राजश्व आम्दानी तर्फ म.ले.प.फा.नं.१०८ र २३ नराखेको तथा दैनिक राजश्व असूलीको भौंचर उठाएको देखिएन । नियमावलीको व्यवस्था अनुसार म.ले.प.फा.नं.१०८ र म.ले.प.फा.नं. २३ राखी राजश्व असूली लेखा व्यवस्थित गर्नुपर्दछ । साथै असुली रकम असुल भएको भोलीपल्ट दाखिला गर्नुपर्नेमा वडा कार्यालयले मासिक/त्रैमासिक रुपमा दाखिला गर्ने गरेको देखियो । असुली रकम नियमानुसार समयमै दाखिला गर्नुपर्दछ । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई अनिवार्य रूपमा राख्नुपर्ने दैनिक आम्दानी एवं बैङ्क दाखिला खाताहरूको प्रयोग गरी आन्तरिक आयलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ । साथै राजश्व लेखामा सूचना प्रविधिको प्रयोग बढाई नगद कारोवारलाई निरुत्साहित गरी बैङ्किङ एवम् सुचना प्रणालीमा आधारीत राजश्व असुली प्रक्रिया अवलम्वन गर्नुपर्ने देखिन्छ । | |
| १५. | **रसीद नियन्त्रण खाताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ । राजश्व असूलीमा प्रयोग हुने रसिद छपाई, गत विगतका बाँकी रसीद र यो वर्ष खर्च तथा आगामी वर्षको लागि जिम्मेवारी सारेको अवस्था खुल्ने रसीद नियन्त्रण खाता परिक्षण गर्दा वडा नं.१ को लागि नगरपालिकाले खर्च मा देखाएको नगदि रसिद नं.१५५१ देखि १६०० सम्मको १ ठेलीको असुली एवंम् दाखिला र मौज्दातमा पनि रहेको पाइएन । त्यस्तै नगरपालिकाले खर्च नदेखाएको एवंम् विगतबाट जिम्मेवारि सरि आएको पनि नदेखिएको रसिद नं.४५५१ देखि ४६०० को १ ठेली बाट असुली एवंम् दाखिला गरेको पाइयो । यसबाट कार्यालयले राखेको नगदि रसिद नियन्त्रण खाता व्यवस्थित रुपमा राखेको देखिएन । रसिद नियन्त्रण खाता व्यवस्थित गरि कार्यालयले खर्च लेखेको तर सो रसिदको रकम दाखिला नगरेको नं.१५५१ देखि १६०० सम्मको १ ठेलीको रकम छानबिन गरि दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ । | |
| १६. | **बरबुझारथ** - मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको वुँदा १७ बमोजिम नगरपालिका तथा पालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्ने उल्लेख छ । यस नगरपालिकामा समाहित भएका साबिकका गाउँ विकास समितिहरु गमौडी, कालभैरव, गौरी र मालिका तथा विषयगत कार्यालयको पेश्की बाँकी विवरण, बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अद्यावधिक गरेको देखिएन । नगरपालिकाले एकीकृत विवरण तयार गरी उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १७. | **सञ्चित कोष** - स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी आदेश, २०७४ को दफा ६३ अनुसार नगरपालिका वा नगरपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले साविकका गाउँ विकास समितिहरु गमौडी, कालभैरव, गौरी र मालिका तथा नगरपालिकाको नाममा रहेका कोषहरुको सम्बन्धमा अभिलेख व्यवस्थित नगरेबाट उक्त कोषहरुको मौज्दात रकम यकिन गर्न सकिएन । तत्कालीन गाउँ विकास समितिहरुको नाममा बाँकी रहेका सम्पूर्ण कोषहरु यकिन गरी नगरपालिका अन्तर्गत ल्याइनु पर्दछ । | |
| १८. | **आर्थिक विवरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मूल्याङ्कन गर्न सकिने स्थिति देखिएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| १९. | **विद्युतीय लेखा** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवारको लेखा राख्नुपर्ने तथा महालेखा नियन्त्रकको कार्यलयले निःशुल्क रुपमा उपलब्ध गराई नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले SUTRA प्रयोगमा ल्याई आर्थिक कारोवार लेखाङ्कन गरेको छैन । सफ्टवेयर प्रयोग गरी आर्थिक कारोवार सञ्चालनमा ल्याइनु पर्दछ । | |
| २०. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानूनबमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने र उक्त कोषमा स्थानीय तहले आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो बराबर हुन आउने रकम थप गरी जम्मा गनुर्पर्ने व्यवस्था छ । कार्यालयको कर्मचारी कल्याण कोष खातामा यसरी रकम जम्मा गरेको पाइएन । नगरपालिकाले ऐनको व्यवस्था वमोजिम कर्मचारी कल्याणकोष वापत खाईपाई आएको तलबमा १० प्रतिशत रकम कट्टी गरी सोही वमोजिम थप गरी कोष खडा गरि ऐनमा भएको व्यवस्थाको | |

| द न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | पालना गर्नुपर्दछ । | |
| २१. | **कन्टिजेन्सी खर्च** - सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १० एवं अनुसुची १ ले कन्टिन्जेन्सी खर्चको व्यबस्था गरेको छ । साथै, अर्थ मन्त्रालयको २०७०।१।२४ को परिपत्र वमोजिम आयोजनाले खर्च गर्ने ५ प्रतिशत कन्टिन्जेन्सी खर्च मध्ये २ प्रतिशत रकम पूँजीगत प्रकृतिको कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष आयोजना सञ्चालनमा उपभोक्ता समितिलाई जानुपर्ने रकम र योजनाको रकम मध्ये ३ प्रतिशत कन्टिन्जेन्सी कट्टी गरी रु.३८३३३६४।- खर्च गरेको खर्च खाता पेश गरेतापनि कन्टिन्जेन्सीको छुट्टै खाता व्यवस्थित नगरेबाट कन्टिन्जेन्सी बापतको आम्दानी रकम यकिन गर्न सकिएन । कार्यालयले कन्टिन्जेन्सी रकमबाट सूचना प्रकाशन, खानेपानि ट्याङ्की निर्माण, अनुगमन भाडा, प्राविधिक पारिश्रमिक, सुन्तला जोन र इलाका प्रहरि कार्यालयको गाडी मर्मत, मोटरसाइकल खरिद, सार्वजनिक सुनुवाई जस्ता कार्यमा रकम खर्च गरेको छ । मन्त्रालयको परिपत्र वमोजिम कन्टिन्जेन्सी वापतको रकम खर्च गर्नुपर्दछ । साथै, कन्टिन्जेन्सी खाताको अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |
| २२. | **तलबी प्रतिबेदन** - स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले स्थानीय तहतर्फका कर्मचारीको तलबी प्रतिवेदन पारीत नगरी  तलव खर्च लेखेको छ। ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । यस सम्बन्धमा छलफल गर्दा करारमा रहेका कर्मचारीलाई सम्झौता अनुसार पारिश्रमिक भुक्तानी गरिने भएकोले तलबी प्रतिवेदन पारित नगरिएको जनाएको छ । | |
| २३. | **वातावरणीय प्रभाव मूल्याङ्कन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायु तथा ध्वनी प्रदूषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालिकाले यो वर्ष विपद व्यवस्थापन, वातावरण संरक्षण तथा जलवायु परिवर्तन, वन तथा भू-संरक्षण, जलाधार संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन लगायतका वातावरणीय प्रभाव न्यूनीकरणको कार्यमा बजेट एवं कार्यक्रम तय गरेको देखिएन । साथै वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाई, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई आदी कार्यहरु पर्दछन् । नगरपालिकाले केहि मात्रामा फोहरमैला संकलन कार्य सुरु गरको भए पनि फोहर विसर्जन केन्द्र/डम्पिङ्ग साइट यकिन एवंम् निर्माण गर्न सकेको देखिएन । नगरपालिकाबाट ढल निर्माणको एकीकृत बहु वर्षे योजना समेत बनाएको देखिएन । वातावरणीय प्रभाव मूल्याङ्कनलाई ध्यान दिई कार्यक्रम सञ्चालन गरिनुपर्दछ । | |
| २४. | **मनोरञ्जन कर** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थियटर मनोरञ्जन प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनूपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७५।७६ मा पालिकाले यस शीर्षकमा कर संकलन गरेको देखिएन । पालिकाको क्षेत्रभित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नुपर्दछ । द्रोणाचल पर्वत , नेपालको पहिलो शिलालेख, वालेश्वर शिवालय, धुलेश्वर पर्वत, पाथर नाउली, नाभिस्थान, पादुका मन्दिर जस्ता धार्मिक तथा पर्यटकिय स्थलका लागि आवश्यक व्यवस्था गरि कर संकलन गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| २५. | **भूमीकर (मालपोत):** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५६ मा गाँउ/नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्रको जग्गामा त्यस्तो जग्गा उपयोगका आधारमा भूमीकर (मालपोत) लगाउन सक्ने उल्लेख छ । नगरपालिकाले यस वर्ष रु.१६५८४०२।- आन्तरिक आयको रुपमा आम्दानी गरेकोमा शीर्षकगत अभिलेख नराखेबाट भूमीकर असूलीको अवस्था यकिन गर्न सकिएन । अभिलेख व्यवस्थित बनाई भूमीकर (मालपोत) असूलीमा वृद्धि ल्याउनुपर्दछ । | |
| २६. | **योजना र कार्यान्वयन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । नगरपालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी अधिकाशं सानासाना र टुक्रे योजनामा बजेट व्यवस्था गरेको छ । ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । | |
| २७. | **सभाको निर्णय कार्यान्वयन** - मिति २०७५।०३।३० मा सम्पन्न नगरसभाबाट पारित कार्यक्रम र कार्यान्वयनको अवस्था को अनुगमन अभिलेख राखेको नदेखिंदा सभाद्वारा भएको निर्णयको कार्यान्वयन स्थिति विश्लेषण गर्न सकिएन । अतः तत्सम्बन्धी अभिलेख एवं प्रमाण व्यवस्थित गर्नुपर्दछ । | |
| २८. | **न्याय सम्पादन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४९ मा न्याय सम्पादन प्रकृया सम्बन्धमा उल्लेख छ । नगरपालिका अन्तर्गतको न्यायीक समितिले उपलब्ध गराएको विवरण अनुसार गालि बेइज्जती, अंशबण्डा, सम्बन्ध विच्छेद,  घरेलु हिंसा, जग्गा मिचेको, ठगि, लेनदेन, बाटो निकास नदिएको लगायतका विभिन्न ७१ उजुरी तथा निवेदन परेकोमा ३४ उजुरी तथा निवेदन मेलमिलाप मार्फत फछ्यौट गरेको तथा ३७ | |

| द न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | उजुरी तथा निवेदन फैसला हुन बाँकी देखिन्छ । ऐनको दफा ४९ मा स्थानीय तहले गर्ने न्यायनिरुपण सम्बन्धमा स्पष्ट व्यवस्था भएको अवस्थामा न्यायीक समितिले ऐनमा व्यवस्था भएको अधिकार कार्यान्वयनमा ल्याई समयमै न्याय सम्पादन गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| २९. | **सेवा करार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा नगरपालिका तथा नगरपालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे र सरसफाई सम्बन्धी पदमा बाहेकका अन्य पदमा सेवा करारबाट पदपूर्ती गर्न नपाउने उल्लेख छ । नगरपालिकाले सेवा प्रवाहको लागि आवश्यक भएको भनी विगत देखि नै सम्झौता गरी म्याद थप गर्दै सिभिल ईन्जिनियर (प्रा.) १, प्रशासन सहायक पाँचौ ५, सहायक चौँथो ११ गरि १८ जना करार सेवामा नियुक्ती गरी वित्तीय राजश्व बाँडफाँडबाट रु.६५०९३१०।- तलबभत्तामा रकम खर्च गरेको देखियो । ऐनमा भएको व्यवस्था विपरित सेवा करारमा लिई खर्च लेखेको नियमसम्मत नदेखिएको, रु. ...... | ६५०९३१० |
| ३०. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउँदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नुपर्ने, खर्चको सूचना सार्वजनिक गर्नुपर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । यस वर्ष कार्यालयले उपभोक्तासमितिबाट अधिकांश निर्माण कार्य गराएकोमा उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा आनुपातिक कट्टी नगर्ने, जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य पूर्ण रुपले अवलम्वन गरेको देखिएन । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३१. | **उपभोक्ता समितिको कार्य :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न गरेको कतिपय कामको प्राविधिक मुल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको वैठकबाट अनुमोदन गराई पेश गर्नुपर्ने तथा प्राविधिक मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन लगायतका कागजातमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति, उपभोक्ता समितिको छाप लगाएतका प्रमाण स्पष्ट देखिने गरी समावेश गर्नुपर्ने उल्लेख छ । यस वर्ष पालिकाले नगरस्तरिय तथा वडागत योजनाहरु उपभोक्ता समिति मार्फत सम्पन्न गरेकोमासम्पन्न केहि योजनाको प्राविधिक मुल्याङ्कन तथा कार्यसम्पन्न प्रतिवेदनमा योजनाको नाम, शुरु मिति, सम्पन्न मिति लगायतका विवरण उल्लेख नगरेको तथा उपभोक्ता समितिको छाप समेत लगाएको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न हुने योजनासँग सम्बनधीत कागजातमा उल्लेखित विवरण स्पष्टसँग देखिनेगरी उल्लेख गर्नुपर्दछ । | |
| ३२. | **योजना हस्तान्तरण** सार्बजनिक खरिद नियमाबली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । यो बर्ष उपभोक्ता समितिबाट ५०० भन्दा बढि आयोजना सम्पन्न गरेकोमा कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरको देखिएन । जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ । नियमावलीमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ३३. | **स्थानीय तहका पदाधिकारी सुविधाः** नेपालको संविधानको धारा २२७ मा गांउँसभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुबिधा सम्बन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार दुल्लू गाँउपालिकाले देहाय बमोजिम रु. २,२२,२०,५००/–सुविधावापत भुक्तानी भएको छ । | |

| सि.नं | विवरण | प्रमुख/अध्यक्ष | उपप्रमुख | वडाअध्यक्ष जना | कार्यपालिका सदस्य .....जना | सभाका सदस्य ...........जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिक सुविधा(२०७४ जेष्ठ देखिको यो वर्ष भुक्तानी) | ३४०००/– | ३००००/– | २६००००/– | ८८०००/– | २७६०००/– | १९२६४०००/– |
| २ | संचार सुविधा (मासिक दरमा) | २०००/– | १५००/ | १३०००/– | ०० | ०० | १९८०००/– |
| ३ | बैठक भत्ता ( बैठक संख्याको आधारमा | १५०० | १५०० | १९५०० | १२००० | ४६००० | १९३२००० |
| ४ | इन्धन खर्च मासिक | ०० | ०० | २४३७५ | ०० | ०० | २९२५०० |
| ५ | मोविल खर्च | ०० | ०० | ६५०० | ०० | ०० | ७८००० |
| ६ | यातायात खर्च (मासिक) | ०० | ०० | २६००० | १२००० | ०० | ४५६००० |
| | **जम्मा** | | | | | | २२२२०५०० |

| द न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३४. | **बैठक भत्ता :** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले नगरपालिकाका पदाधिकारी तथा सदस्यहरुले नगरसभा, नगरकार्यपालिका र वडा समितिको बैठकमा सहभागी भए वापत बैठक भत्ता पाउने व्यवस्था गरेको छैन । तर कार्यालयले पदाधिकारीहरुलाई नगरसभा, नगरकार्यपालिका र वडा समितको विभिन्न मितिमा बैठक बसेको अवधिको बैठक भत्ता भनि रु.१९३२०००।- भुक्तानी गरेको पाइयो । ऐन विपरित भुक्तानी गरेको उक्त रकम सम्बन्धिबाट असुल गर्नुपर्ने रु.......... | **१९३२०००** |
| ३५. | **इन्धन सुविधा :** इन्धनको रकम भुक्तानी गर्दा सवारि साधन सहितको इन्धन खपतको सवारि लगबुक संलग्न गर्नुपर्दछ । कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धि ऐन,२०७५ बमोजिमको इन्धन सुविधा भुक्तानी गर्दा सवारि लगबुक र इन्धनको बिल बेगर यस नगरपालिकाका वडा अध्यक्षहरुलाई इन्धन लिटरबाट रकम हिसाब गरि एकमुष्ट रुपमा नगदै भुक्तानी गरेको पाइयो । सरकारी सवारि साधनबाट नगरपालिकाको काममा भ्रमण गरेको प्रमाण बेगर लगबुक समेत नराखि इन्धन र मोविल वापत नगदै भुक्तानी दिएको रकम असुल हुनु पर्ने रु............ | **३७०५००** |
| ३६. | **यातायात खर्च :** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ ले नगरपालिकाका वडा अध्यक्ष तथा वडा सदस्यहरुलाई मासिक रुपमा यातायात खर्च भुक्तानी गर्न मिल्दैन । तर कार्यालयले सबै वडा अध्यक्ष र कार्यापालिका सदस्यलाई मासिक रुपमा यातायात खर्च भुक्तानी गरेको पाइएकोले उक्त रकम असुल गर्नुपर्ने रु.......... | **४५६०००** |
| | **वित्तीय समानिकरण अनुदान पूजीगततर्फः** | |
| ३७. | **आर्थिक सहायताः** महालेखानियन्त्रकको कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या निर्देशिका, २०६४ अनुसार आर्थिक सहायता दिन नपाउने व्यवस्था छ । नगरपालिकाले यस वर्ष वित्तिय समानिकरण अनुदान पूँजीगतबाट रु.२१८०००- बराबरको रकम आर्थिक सहायता वापत खर्च गरेको नियमसम्मत देखिएन । यस्तो प्रकारको वितरणमुखी खर्चमा नियन्त्रण हुनुपर्ने देखिएको, रु...... | २१८००० |
| ३८. | **सवारी साधन खरिदः** अर्थ मन्त्रालयको स्थानीय तहमा वजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धि निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराईएको बजेट तथा श्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । यस वर्ष कार्यालयले अर्थमन्त्रालयको स्वीकृति बेगर वित्तिय समानिकरण अनुदानको रकमबाट क्याटलग सपिङ्ग विधिबाट गाडि र मोटरसाइकल सोझै खरिद गरी रु.६५,९७,२३४।- भुक्तानी गरेको नियमसम्मत नदेखिएको, रु. .......................... | ६५९७२३४ |

| भौ.न र मिति | सवारी साधनको नाम | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ६२-०७५।८।२१ | स्कारपियो फोर ह्विल | अग्नि इन्करपोरेटेड प्रा.लि. | ५५७०००० |
| विभिन्न | मोटरसाइकल ४ गोटा | विभिन्न | १०२७२३४ |
| | जम्मा | | ६५९७२३४ |

| द न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| ३९. | **उपभोक्ता समितिले निर्माण व्यावसायिबाट कार्य गराएकोः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) (क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काम निर्माण व्यवसायीबाट गराएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समितिसंगको सम्झौता रद्द गरी त्यस्तो समितिलाई भविष्यमा कुनै किसिमको काम गर्न नदिने अभिलेख राखि निर्माण व्यवसायीलाई कालोसूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपभोक्ता समितिसंग सम्झौता गरेको निम्नानुसारका कार्यमा उपभोक्ता समितिले निर्माण व्यवसायीबाट कार्य सम्पन्न गराएको देखियो । कार्यालयले उपभोक्ता समितिले गर्न नसक्ने जटिल प्राविधिक कार्य भएमा सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार प्रतिस्पर्धा गराई सम्पन्न गर्नुपर्नु पर्दछ । नियमावलीमा भएको व्यवस्था विपरीत उपभोक्ता समितिले निर्माण व्यवसायीमार्फत कार्य गराइ भुक्तानी गरेको रु १७५६५२०७.२ लाई नियमसम्मत मान्न नसकिने रु | १७५६५२०७.२ |

| क्र.सं | गो.भौ.नं.मिति | योजनाको नाम | निर्माण व्यवसायीको नाम | सम्पन्न रकम | भुक्तानी रकम |
|---|---|---|---|---|---|
| १ | ५३-२०७५।८।१९ | पुराना सडक मर्मत | सि.सि.वि. निर्माण सेवा | ६७१८३५४५ | ५१६७४९१.११ |
| २ | ५८-२०७५।८।१९ | सडक मर्मत वडा नं.५ | आर.आर. एस एस कन्सट्रक्सन | २१०६७९.६५ | १६५७५० |
| ३ | ८०-२०७५।९।२६ | तितेपाल्ल पिपल डाँडा काला खोला सडक मर्मत | वि.एण्ड पि निर्माण सेवा | ३६६२४२.३९ | २४९९९९.९९ |
| ४ | ९०-२०७५।९।२४ | सालधारी युवा सडक मर्मत | आर एन निर्माण सेवा | १२३४२६.५२ | ९६५०० |
| ५ | १५८-२०७५।११।१८ | वारतडी शान्ति बजार सडक मर्मत | मनिषा एस.एस. कन्सट्रक्सन | ८५०५००.५६ | ६३४८७५ |
| ६ | २६८-२०७५।११।१३ | सितपइने लामादुवाला सडक | हिमाल निर्माण सेवा | ३८५९०३.२५ | २८९५०० |
| ७ | १७०-२०७५।११।१४ | वाडा पोखरा दुधेमालिका शान्ति बजार सडक निर्माण | मनिषा एस.एस. कन्सट्रक्सन | १२१४८.२९ | ९६५०० |

| द न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | | | | | रकम |
|---|---|---|---|---|---|---|
| | ८ | १७४-२०७५।११।१४ | देउतिस्थान पिपल डाँडा सडक मर्मत | आर.एन निर्माण सेवा | १२३४२६.५२ | ९६५०० |
| | ९ | १९९-२०७५।११।२६ | गैरी राजाकाध सडक | सि.वि. निर्माण सेवा | १२४५६५ | ९६५०० |
| | १० | २०३-२०७५।११।२६ | भाला डारिया वोड सियाला सडक निर्माण | सि.वि. निर्माण सेवा | ३५५१२९.६० | २८६६६१ |
| | ११ | २२३-२०७५।११।३० | चारवा आवल समालयान सडक | पञ्चडेवल निर्माण सेवा | ९७५०० | ९६४९९.९९ |
| | १२ | २२१-२०७५।११।३० | गौरा दाल्का स्याउले तोलिपानि सडक | डुङ्गेल निर्माण सेवा | २५०१६५.५७ | २०००२२ |
| | १३ | २०६-२०७५।११।२९ | श्री स्थान ललाट वालुखेत मुल्की सडक योजना | सि.वि.निर्माण सेवा | ३६४६४७.४ | २८९५०० |
| | १४ | २३४-२०७५।१२।१ | साड्का खोला सुन्दर खाली वावला सडक योजना | आर.आर.एस.एस. कन्स्टक्शन प्रालि | ८४४५०५.८१ | ६६१५०० |
| | १५ | २३० - २०७५।११।३० | भुवाचौर भाटिमेल्या बोकराना सडक | मनिषा एस.एस. कन्स्टक्शन | ६०३६७८.९२ | ४६६८७०.८० |
| | १६ | २६२-२०७५।१२।२२ | नयावजार गाईसैन वगौरा ओखरी सडक निर्माण | सि.वि. निर्माण सेवा | ४९५२२२.४० | ३८६००० |
| | १७ | २७९-२०७५।१२।२२ | रातीमाटा रानावाडा तारापानी सडक निर्माण | एन.के. थापा कन्स्टक्शन | २४८००८ | १९३००० |
| | १८ | २७८-२०७५।१२।२२ | गहनखोली बोकराना तारापानी सडक | मनिषा एस.एस. कन्स्टक्शन | ४३१९३४.६५ | ३३४११७ |
| | १९ | २७१-२०७५।१२।२२ | विभिन्न सडक मर्मत | मनिषा एस.एस. कन्स्टक्शन | २६५७७८.५० | २००००० |
| | २० | २७२-२०७५।१२।२२ | पुराना सडक मर्मत | मनिषा एस.एस. कन्स्टक्शन | ७००१५१.०५ | ३३५६५०.० |
| | २१ | २७०-२०७५।१२।२२ | पाँच खम्व दमाई टोल सडक मर्मत | वि एण्ड पि निर्माण सेवा | १४६३८०.९९ | ११९०३९.४८ |
| | २२ | २८६-२०७५।१२।२२ | सम्पूर्ण पुराना सडक मर्मत | सि.के.एम.वि. कन्स्टक्शन | २४५०२४.२३ | १९२९९८.३५ |
| | २३ | ३०५-२०७६।१।३१ | रौतानी पादेअवल सडक निर्माण | हिमाल निर्माण सेवा | ३६३७५८.४४ | २७७५०५.४ |
| | २४ | ३०१-२०७६।१।३१ | राजाकाँध चौतारा नाविस्थान सडक | के.वि.कन्स्टक्शन | ३५२७३०.९० | ४२०१७.६९ |
| | २५ | ३१८-२०७६।२।१ | तितेपाल्त कालखोला सडक निर्माण | सेहल सप्लायर्स | ७६४१०७.१७ | ५८५९०० |
| | २६ | ३१५-२०७६।२।१ | भुवाचौर ठोग्रे तरिया कृषि सडक | डुंगेल महादेव निर्माण सेवा | ५९२१४८.५४ | ४७२९०५ |
| | २७ | ३०८-२०७६।१।३१ | स्याउलेचाखा वडासिम सडक निर्माण | रक्षालक्ष्मी कन्स्टक्शन | ४९१६७१.८५ | ३८४००० |
| | २८ | ३३३-२०७६।२।५ | पुसाकोट गुराखेत गणेशस्थान बल्लेपाटा सडक निर्माण | रक्षालक्ष्मी कन्स्टक्शन | ४९२२३१.८४ | ३८५९९९.९० |
| | २९ | ३४६-२०७६।२।६ | हुमानेकाँध वडीमुल सडक | मनिषा एस.एस. कन्स्टक्शन | १४४७५० | १४४७५० |
| | ३० | ३४५-२०७६।२।६ | पुसाकोट चोरखोला कालभैरव सडक | रक्षालक्ष्मी कन्स्टक्शन | ३३४०६०.३९ | २८६४९९.९९ |
| | ३१ | ३४३-२०७६।२।६ | वजाड देउतीचौर सडक मर्मत | मनिषा एस.एस. कन्स्टक्शन | २३८७७३.५२ | ११०८०० |
| | ३२ | ३३८-२०७६।२।५ | कुवापानी छोलिमगैरा खर्चेगैरा लुजै रातीमाटा सडक | डुंगेल महादेव निर्माण सेवा | ६०७४२१.७१ | ४७२५५४.७० |
| | ३३ | ३५३-२०७६।२।७ | टिमुरगाउँ वडा कार्यालय सडक मर्मत | सि.के.एम.वि. कन्स्टक्शन | ५९११२१.३८ | १४५८७७.३५ |
| | ३४ | ३४८-२०७६।२।६ | वाहुनपाली अमेन काउलाखाली सडक | हिमाल कन्स्टक्शन | ४९०९३७.२७ | ३८४२०० |
| | ३५ | ३७७-२०७६।२।९ | वडा कार्यालय फिल्ड तथा पर्खाल निर्माण | रक्षालक्ष्मी कन्स्टक्शन | २४७२३४.९८ | १००००० |
| | ३६ | ४५०-२०७६।२।२१ | वैक तियाडी मन्दिर ज्यामिरसैन सडक निर्माण | सि.के.एम.वि. कन्स्टक्शन | ६०२८६०.१२ | ४७१७७५ |
| | ३७ | ४८९-२०७६।२।२७ | ग्रामीण सडक निर्माण | सि.के.एम.वि. कन्स्टक्शन | ३६७०२४.५० | १२११९२.५० |
| | ३८ | ४८९-२०७६।२।२७ | ग्रामीण सडक निर्माण | रक्षालक्ष्मी कन्स्टक्शन | ३६७०२४.५० | १६८४९९.९५ |
| | ३९ | ५६२-२०७६।३।१७ | हेराउढुंगा भैरवस्थान सडक निर्माण | मनिषा एस.एस. कन्स्टक्शन | ३२१६४१.९१ | २८९५०० |
| | ४० | ५६१-२०७६।३।१० | माथिल्लोडुंगेश्वर वैशाला सडक निर्माण | वि.एण्ड पि. निर्माण सेवा | २३९१५८.६४ | १९३००० |
| | ४१ | ५६८-२०७६।३।१८ | नाउली रुमालथान बाखकोट कालाआम सडक निर्माण | सि.वि. निर्माण सेवा | २८९४०१.८५ | २४१२५० |

| द न. | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ४२ | ६५७-२०७६।३।१३ | थापाथली ढुंगेन सडक मर्मत | एन.के.थापा कन्स्टक्शन प्रा.लि. | २३४४८०.९२ | १२१५०० |
| ४३ | ६८४-२०७६।३।२४ | वडा कार्यालय झाप सडक निर्माण | सि.के.एम.वि. कन्स्टक्शन | २९३७२८.८८ | २४१२५५ |
| ४४ | ७८०-२०७६।३।३० | पौवा दुवारीचाखा सडक निर्माण | एन.के.थापा कन्स्टक्शन | २३०९५६.८५ | २४१२५० |
| ४५ | ६९०-२०७६।३।३० | विनायक वडा कार्यालय दत्तु सडक निर्माण | सि.के.एम.वि. कन्स्टक्शन | ४९८६६६.८७ | २६५५०० |
| ४६ | ४७५-२०७६।२।२४ | सडक मर्मत योजना | एन.के.थापा कन्स्टक्शन | ३५५२०८.५६ | २८९५०० |
| ४७ | ५६९-२०७६।३।१७ | थापाथली ठकुरीवाडा देवानधारा सडक निर्माण | एन.के.थापा कन्स्टक्शन | ६१४३८२.३२ | ४७२५०० |
| | जम्मा | | | | १७५६५२०७.२ |

४०. **वेरितको कर विजक :** मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम १७ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक व्यक्ति वा फर्मले कुनै वस्तु वा सेवा आपुर्ति गर्दा अनुसुची ५(क) वमोजिमको ढांचामा कर विजक जारी गरी पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले निम्नानुसारको भुक्तानीमा विजक केरमेट गरेको विजकबाट मू.अ.कर भुक्तानी गरेको देखिएकोले उक्त विजकवाट भुक्तानी गरेको मू.अ.कर रु.१९३६१३।५५ सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु. ..... — १९३६१३.५५

| क्र.सं. | गो.भौ.नं. मिति | फर्मको नाम | मु.अ.कर दर्ता नं. | विजक रकम | मु.अ.कर रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ४९-२०७५/८/१८ | खानी/ मिसन जे.भि. | ६०६०२०९७० | ५३३७६०० | ६९८८८ | २०७५।८।१६ विजक नं. २–केरमेट गरेको |
| २ | ५९-२०७५/८/१९ | हिमाल कन्स्टक्शन | ६०१५४९२८५ | ९५१७३५ | १२३७२५.५५ | २०७५।७।२८ विजक नं. १–केरमेट गरेको |
| | जम्मा | | | | १९३६१३.५५ | |

४१. **विल कम पेश गरी बढी भुक्तानी गरेको :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । उपभोक्ता समितिले कार्यसम्पन्न प्रतिवेदनमा निम्नानुसारका सामग्री प्रयोग गरेको उल्लेख गरेतापनि सो भन्दा कम सामग्री खरिद गरी कार्यसम्पन्नमा उल्लेख भएबमोजिमकै भुक्तानी गरेको देखिदा बढी भुक्तानी गरेको रु ३०७६०३.११ असुल गर्नुपर्ने रु.... — ३०७६०३.११

४२. **संस्थागत छुटः** कार्यालयले पत्रपत्रिकामा सुचना छपाए वापतको रकम भुक्तानी गर्दा पत्र पत्रिकाले विल रकममा कम्तिमा १५ प्रतिशत संस्थागत छुट दिने व्यवस्था छ । निम्नानुसारको सुचना छपाई वापत भुक्तानी गर्दा संस्थागत छुट नलिएको देखिदा संस्थागत छुट वापत रु १०७४०।- असुल गर्नु पर्ने रु — १०७४०

| क्र.सं. | गो.भौ.नं. मिति | मिडियाको नाम | विवरण | विल रकम | छुट रकम |
|---|---|---|---|---|---|
| ७ | ७६४- | AD Way Media Pvt. Ltd | नागरिक दैनिकमा सूचना | ७१६०० | १०७४० |

४३. **सहकारी तथा अन्य संस्था व्यवस्थापन खर्च :** आर्थिक कार्यविधि ऐन, २०६४ को नियम ४३ मा कुनै अधिकार प्राप्त अधिकारीले आफुलाई वा कुनै खास व्यक्ति वा वर्गलाई फाईदा हुने गरी सरकारी धन खर्च गर्न वा सरकारी मालसामन दिने गरी निकासा दिन नहुने व्यवस्था छ । नगरपालिकामा सहकारी संस्था तथा अन्य संघ संस्थाले आफ्नो ब्यबस्थापन खर्च आफै जुटाउनु पर्नेमा नगरपालिकाले निम्नानुसारको सहकारी संस्था तथा अन्य संस्थालाई ६२१८९४७ भुत्तानी गरेको छ । ऐनमा भएको व्यवस्था विपरित गरेको भुक्तानीलाई नियम सम्मत मान्न नसकेको रु — ६२१८९४७

| क्र.सं | गो.भौ.नं. मिति | विवरण | भुक्तानी |
|---|---|---|---|
| १ | १००-२०७५/९/२५ | द्रोणाचल क्याम्पस भवन निर्माण | २३८२८०९ |
| २ | २०४-२०७५/११/२६ | शिवशक्ति सहकारी भवन तथा फर्निचर व्यवस्थापन | १४६२५० |
| ३ | ३३५-२०७६/२/५ | सरस्वती कृषि वहुमुखी सहकारी भवन घेरावार | १९२७२४ |
| ४ | ३७०-२०७६/२/९ | वेतेनी सहकारी भवन निर्माण | ९७५०० |
| ५ | ३९२-२०७६/२/१० | भु.पु.सैनीक भवन निर्माण | १००००० |
